# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, बैशाख २० गते, २०७६ साल (अतिरिक्ताङ्क २८

## भाग १

प्रदेश सरकार

प्रदेश नं. ३, हेटौंडा

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## <u>सूचना</u>

प्रदेश नं. ३ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७५ सालको ऐन नं. २३

# प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**ः प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (पहिलो संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४ को दफा ११ मा संशोधन**ः प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४ को दफा ११ को-,

(१) उपदफा (१) मा रहेको "प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "प्रदेश राजपत्रको देहायको भागमा प्रकाशन गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) र (ङ) थपिएका छन् :-

"(घ) संविधान, संघीय वा प्रदेश कानून अन्तरगतका नियुक्ति वा अन्य सूचना,

(ङ) नेपाल सरकारको सहमति लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता।"

(३) उपदफा (१) को खण्ड (क) लाई "भागः १", (ख) लाई "भागः २", (ग) लाई "भागः ३", (घ) लाई "भागः ४", (ङ) लाई "भागः ५" जनाउने गरी क्रमशः लिखतको नाम पछि राख्ने गरी मिलाइएको छ ।

**प्रमाणीकरण मिति : २०७६।०१।२०**

**आज्ञाले,**
**राजकुमार श्रेष्ठ**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-